annapurnapost.com

# अन्नपूर्ण पोस्ट

अन्नपूर्ण २४औं वार्षिकोत्सव

वर्ष २४, अंक १ पृष्ठ १२+८८ | काठमाडौं, बिहीबार १८ वैशाख २०८२ | वैशाख शुक्लपक्ष चतुर्थी नेपाल संवत् ११४५ | THURSDAY, MAY 1, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

प्रकाशकीय

## निराशाभित्र आशाको उज्यालो



अन्नपूर्ण मिडिया नेटवर्कको प्रमुख प्रकाशन अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक आज २४औं वर्षमा प्रवेश गरेको छ । करिब साढे दुई दशक देश, समाज र नागरिकका विविध मुहार, अभिव्यक्ति र अपेक्षालाई समेट्दै अघि बढेको यो यात्रामा, यस वर्ष 'देश बन्दैछ' विशेषांक यहाँहरूलाई उपहारस्वरूप प्रदान गर्न पाउँदा हामी हर्षविभोर छौं । यो विशेषांक सांकेतिक औपचारिकता मात्र होइन, हाम्रो प्रतिबद्धताको घोषणापत्र हो ।

नेपालको दुई दशक कालखण्ड राजनीतिक रूपान्तरण, आशा र असमञ्जसले भरिएको छ। संविधान निर्माणदेखि संघीय संरचनासम्म, प्रतिनिधित्वको लहरदेखि पुनः सन्तुलन खोज्ने प्रयाससम्म- हामी निरन्तर गतिशील रह्यौं। यस्ता संक्रान्तिकालीन परिस्थितिमा स्वतन्त्र, निर्भीक र उत्तरदायी पत्रकारिताको भूमिका झन् महत्त्वपूर्ण हुन्छ। अन्नपूर्ण मिडिया नेटवर्क, विशेषतः अन्नपूर्ण पोस्ट् दैनिक, सधैं सत्य खोज्ने, सत्ता निगरानी गर्ने र जनअपेक्षा प्रतिबिम्बित गर्ने निष्पक्ष माध्यम बन्ने प्रयासमा समर्पित रह्यो। रहिरहने छ।

खोज पत्रकारिता होस् वा जनताका अनुश्रवणीय आवाज; नीतिगत बहस होस् वा मौन गराइएका मुद्दाहरूको उजागर- हामीले नेपाली मिडियामा भिन्न पहिचान बनायौं। अन्नपूर्ण पोस्ट्मात्र होइन, अन्नपूर्ण एक्सप्रेस (अंग्रेजी दैनिक), अन्नपूर्णपोस्ट् डट कम, द अन्नपूर्ण एक्सप्रेस डट कम, रेडियो अन्नपूर्ण ९४.० मेगाहर्ज र एपीवान एचडी टीभी– यी सबै मञ्चहरू मिलेर आज अन्नपूर्ण मिडिया नेटवर्क मुलुककै एक सशक्त, बहुआयामिक र विश्वसनीय मिडिया समूहका रूपमा उभिएको छ।

आजको यथार्थ सरल छैन। आर्थिक पुनरुत्थान चुनौतीपूर्ण छ। भ्रष्टाचार राज्यसंरचनामा गहिरो गरी जरा गाडिरहेको छ। नागरिकको आत्मविश्वास, श्रम र आकांक्षामा दोधार देखिन्छ। तर, यति हुँदाहुँदै पनि 'देश बन्दैछ'- केवल भौतिक संरचनाले होइन, मानव चेतना, सिर्जना र सम्भावनाको जगबाट। यतिबेला निराशा बेच्ने होइन, आशा बाँड्ने समय हो।

हामीले यो विशेषांकमा त्यसै आशाका कथा खोजेका छौं– हिमालपारिका गाउँदेखि काठमाडौंका स्टार्टअपसम्म, विदेशमा नेपालको नाम झुल्काउने युवादेखि देशभित्रै नवप्रवर्तन गर्ने हातहरूसम्म। प्रश्नहरू छन्, चुनौतीहरू छन्– तर सम्भावनाहरू पनि कम छैनन्।

अन्नपूर्ण मिडिया नेटवर्कले सधैं समयसँगै रूपान्तरण गर्ने, प्रविधिका नवीनतम पक्ष आत्मसात् गर्ने र पत्रकारितालाई युगानुकूल बनाउने संकल्प लिएको छ। डिजिटल विस्तारका माध्यमबाट हामीले अमेरिका हुँदै विश्वभर नेपालीहरूसम्म हाम्रो समाचार, विचार र दृष्टिकोण पुर्‍याउन थालेका छौं। अबको लक्ष्य हो- गुणस्तर, पहुँच र प्रभावका दृष्टिले अझ सशक्त र अन्तर्राष्ट्रिय मापदण्डअनुकूल मिडिया प्रणाली निर्माण गर्नु। त्यसमा हामी कटिबद्ध छौं।

हाम्रो यात्रामा साथ दिनुहुने पाठक, श्रोता, विज्ञ, विज्ञापनदाता, सहकर्मी र शुभचिन्तकप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

२४औं वर्षको यो मोडमा हामी अडिग छौं- निष्पक्षता, सत्य र आशाका पक्षमा।

'देश बन्दैछ'– हो, हाम्रा हरेक प्रश्नका उत्तर त्यसमै खोज्न सकिनेछ।

**क्याप्टेन रामेश्वर थापा**
अध्यक्ष
अन्नपूर्ण मिडिया नेटवर्क

---

नेपाल
Nepal

राष्ट्रपति
The President

### शुभकामना

अन्नपूर्ण पोष्ट दैनिकले २४औं वार्षिकोत्सवका अवसरमा 'देश बन्दैछ' विशेषांक प्रकाशन गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ । सकारात्मक आशा सञ्चार गर्ने यस्तो विशेषांक केवल एक प्रकाशन मात्र नभई राष्ट्र निर्माणको यात्रामा निरन्तर क्रियाशील नागरिक चेतनाको प्रतिबिम्ब हो । यस विशेष अवसरमा म अन्नपूर्ण पोष्ट परिवारलाई हार्दिक बधाइ तथा उत्तरोत्तर सफलताको शुभकामना व्यक्त गर्दछु ।

समाज परिवर्तनका संवाहकका रूपमा पत्रकारिता सशक्त आधारस्तम्भ हो । सुशासन, पारदर्शिता र जनउत्तरदायी शासन प्रणालीका लागि प्रेसको भूमिका अहम् हुन्छ । लोकतन्त्रको आधारभूत मूल्यहरू जोगाउन पत्रकारिताले निर्वाह गर्ने उत्तरदायित्व गहिरो र दीर्घकालीन प्रभाव पार्ने खालको हुन्छ ।

अन्नपूर्ण पोष्ट दैनिकले २४ वर्षको यात्रामा गरेको पत्रकारिता प्रशंसायोग्य छ । गहन अनुसन्धान, विविध दृष्टिकोण र उत्तरदायी सम्प्रेषणमार्फत् यसले समसामयिक राजनीतिक, सामाजिक र आर्थिक विषयमा जनमत निर्माण गर्ने कार्यमा उल्लेखनीय योगदान दिएको छ ।

'देश बन्दैछ' भन्ने सन्देश केवल आशावादको संकेत मात्र होइन; यो मुलुकको संक्रमणकालीन परिस्थितिबाट स्थायित्व, समावेशिता र समृद्धितर्फको यात्रालाई आत्मसात् गर्ने भाव हो । यस्तो सन्दर्भमा अन्नपूर्ण पोष्ट जस्ता जिम्मेवार सञ्चारमाध्यमहरूको भूमिका अझ महत्वपूर्ण, प्रेरणादायी र मार्गदर्शक हुन्छ । अन्नपूर्ण पोष्ट आगामी दिनमा अझ निष्पक्ष, विवेकसम्मत र जनउत्तरदायी पत्रकारिताको माध्यमबाट जनतालाई सुसूचित गर्दै लोकतन्त्र सुदृढ तुल्याउन योगदान दिने पूर्ण विश्वास व्यक्त गर्दछु ।

जय नेपाल !
मिति : २०८२ वैशाख १७ गते

रामचन्द्र पौडेल

---

प्रधानमन्त्री

काठमाडौं, नेपाल ।

### शुभकामना

अन्नपूर्ण पोष्ट दैनिकले **देश बन्दैछ** भन्ने आशावादी सन्देशसहित विशेषाङ्क प्रकाशन गर्न लागेको खबरले खुशी तुल्याएको छ । यस अवसरमा म अन्नपूर्ण पोष्ट परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालको पत्रकारिता क्षेत्रमा स्थापित अन्नपूर्ण पोष्टले २४ वर्षको यात्रा पार गरेको छ । नेपालको राजनीतिक परिवर्तनदेखि सामाजिक रुपान्तरणमा अन्नपूर्ण पोष्टले पुऱ्याएको योगदान महत्वपूर्ण छ । बितेका २४ वर्षमा तथ्यमा आधारित, विश्वसनीय र व्यवसायिक पत्रकारिता गर्दै समाजमा सकारात्मक चेतना अभिवृद्धि गर्ने कार्यमा अन्नपूर्ण पोष्ट सधैं क्रियाशील रहेको मैले पाएको छु ।

मुलुक यतिबेला राजनीतिक संक्रमणको अन्त्य गर्दै विकास र समृद्धिको यात्रामा अग्रसर छ । विगतमा हाम्रो अधिकांश समय अधिकार प्राप्तिको संघर्षमा व्यतीत भयो । आज परिवर्तन भएको छ, जनता सार्वभौमसत्ता सम्पन्न छन् । हाम्रा सबै पाइला विकास र समृद्धितर्फ अग्रसर छन् । सञ्चार माध्यमले अब देश विकासका निम्ति नवीनतम् र सिर्जनात्मक रुपमा आम नागरिकलाई सुसूचित गर्नुपर्ने बेला आएको छ । अब हाम्रा सूचना र विषयवस्तु उद्यमशीलताको विकाससँगै रोजगारीका अवसर सिर्जना गर्ने कुरामा केन्द्रित हुनुपर्दछ । यसका लागि अन्नपूर्ण पोष्टले पनि आफ्नो तर्फबाट भूमिका खेल्ने छ भन्ने मैले अपेक्षा गरेको छु । अहिलेको सरकारले **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकांक्षालाई पूरा गर्न अघि सारेको राष्ट्रिय गन्तव्यलाई पूरा गर्न अन्नपूर्ण पोष्ट थप क्रियाशील हुनेछ भन्ने मेरो विश्वास छ ।

अन्त्यमा, **देश बन्दैछ** भन्ने आशावादी सन्देशसहित विशेषाङ्क प्रकाशन गर्ने कार्यमा संलग्न सबैलाई धन्यवाद दिंदै प्रकाशन सफलताको पूर्ण शुभकामना व्यक्त गर्दछु ।

१७ वैशाख, २०८२

केपी शर्मा ओली

---

कभर स्टोरी

## आशाका रेखाचित्र

यो यस्तो विशेषांक हो, जसले नेपालमा भइरहेका रूपान्तरणका आशाजनक र प्रेरक पाटाहरू उजागर गर्छ । आर्थिक सुधार, राजनीतिक परिपक्वता, सामाजिक चेतना, सांस्कृतिक पुनर्जागरण, शिक्षा र स्वास्थ्यको उन्नतितर्फको यात्रा यसमा समेटिएका छन् । हरेक क्षेत्रमा भइरहेका स्थिर तर सार्थक परिवर्तनको तस्बिर यहाँ छ । 'देश बन्दैछ' भन्ने भाव केवल नारामा होइन, यथार्थमा टिकेको छ । यो विशेषांक वर्तमान नेपालको उभारिएको अनुहार हो- आशाका रेखाचित्रले खिचिएको ।

समाचार पृष्ठ २

**रामकला खड्का/सुरेन्द्र काफ्ले** | *काठमाडौं*
– को रिपोर्ट








Authorized Distributor of Xiaomi Mobile for Nepal | Vatsal Impex Pvt. Ltd. | TELEDIRECT Pvt. Ltd.

Customer Care Center
NTC Toll Free No.: 16600170078 | Telephone No.: 01-5970078

XiaomiNepal | minepalofficial | XiaomiNepal